# बाबियाखर्क सहकारीको ‘महिला सदस्य उत्प्रेरणा एवं वित्तीय साक्षरता कार्यक्रम’

■ आर्थिक संवाददाता
काठमाडौं, साउन १५

बाबियाखर्क बचत तथा ऋण सहकारी संस्था लिमिटेडले महिला सदस्य उत्प्रेरणा कार्यक्रम सञ्चालन गरेको छ । संस्थाले यही साउन २ गते काठमाडौंको जोरपाटी र साउन नौ गते शान्तिनगरमा महिला सदस्य उत्प्रेरणा कार्यक्रम सञ्चालन गरेको हो ।



संस्थाका प्रमुख कार्यकारी अधिकृत बलदेव कुमार पौडेलका अनुसार महिला सदस्यहरूका लागि दुईदिने महिला सदस्य उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिएको हो । उक्त कार्यक्रममा साकोसले सञ्चालन गरेका क्रमिक प्रकृतिका बचतहरूका बारेमा सहभागीहरूलाई जानकारी गराइएको थियो । कार्यक्रममा साकोसका सचिव हरिप्रसाद घिमिरेले चालू आर्थिक बर्ष २०८२/०८३मा सदस्यमुखी कार्यक्रमहरु आयोजना गर्ने योजना रहेको बताए ।

महिला उपसमितिकी संयोजक श्रीभा नेपालले सहभागीहरूलाई स्वागत गर्दै सदस्यहरूलाई साकोसप्रति थप सकारात्मक बनाउने भएकोले कार्यक्रम प्रभावकारी रहेको बताइन् । ४५ जना सदस्यहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा उपस्थित हुने सदस्यहरूबीच हातमा मेहन्दी लगाएर साउन महिनाको साथै तीजको उपलक्ष्यमा शुभकामना आदान समेत गरिएको थियो ।

# बीमा प्राधिकरणद्वारा इन्जिनियरिङ बीमासम्बन्धी छलफल

■ आर्थिक संवाददाता
काठमाडौं, साउन १५



नेपाल बीमा प्राधिकरणले इन्जिनियरिङ बीमासम्बन्धी समस्या तथा चुनौतीहरूका सम्बन्धमा निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी र निर्माण व्यवसायीहरूसँग छलफल गरेको छ । इन्जिनियरिङ बीमाअन्तर्गत देखिएका समस्या तथा चुनौतीहरूको समाधानका लागि निर्माण व्यवसायी र बीमकहरूसँग छलफल गरी राय सुझाव लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्राधिकरणले जानकारी दिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले इन्जिनियरिङ बीमाअन्तर्गत देखिएका समस्याहरूको समाधानका लागि सम्बद्ध सरकारी निकाय, बीमा कम्पनी र निर्माण व्यवसायीहरूसँग छलफल गरी निष्कर्ष निकालिने जानकारी दिए । कार्यकारी निर्देशक सुवेदीले इन्जिनियरिङ बीमासम्बन्धी प्राविधिक विषयमा नीतिगत तहमा सम्बद्ध निकाय, नियामक र संस्थाहरूसँग छलफल गरी अगाडि बढ्ने उल्लेख गर्दै करिब ९० प्रतिशत बीमालेख नेपाली भाषामा भए पनि बीमा गर्दा बीमालेख राम्रोसँग नपढेका कारण समस्या आउने गरेको बताए ।

नेपाल बीमा प्राधिकरणका निर्देशक निर्मल अधिकारीले म्याद थप भएका ठेक्काको बीमालेख नवीकरण गर्ने सम्बन्धमा त्यस्ता ठेक्काको सङ्ख्या कति छ, त्यसको यकिन भएपछि स्पष्ट गरिने जानकारी दिए । निर्देशक अधिकारीले बीमालेख बीमितको आवश्यकताअनुसार हुनुपर्ने, बीमालेखका सेवा तथा सुविधाहरु स्पष्ट हुनुपर्ने र बीमाप्रतिको बुझाइमा एकरूपता हुनुपर्ने बताए ।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बीमा गरेपछि सुरक्षित भइन्छ भन्ने बारेमा सबैलाई बुझाउनुपर्ने, दबाब र प्रभावले दाबी भुक्तानी पाउने अवस्था आउन नहुने, बीमालेख जारी गर्दा गलत कुरालाई प्रोत्साहन गर्न नहुने र बीमालाई बाध्यकारी नभई विश्वसनीय बताउनुपर्ने विचार व्यक्त गरे । नेपाल बीमक संघका अध्यक्ष बीरेन्द्र बैदवारले बीमा घोषणा गर्दा सहीरूपमा गर्नुपर्ने, बीमा बेच्ने र लिनेले बीमाका प्रावधानलाई एउटै अर्थमा बुझ्नुपर्ने र स्वदेशी पुनर्बीमा कम्पनीले रक्षावरण गरे म्याद थप भएका ठेक्काको बीमालेख नवीकरण गर्न समस्या नहुने धारणा राखे ।

कार्यक्रममा सहभागी निर्माण व्यवसायीहरूले बीमा कम्पनीहरूले बीमा सर्भेयरले प्रतिवेदन बुझाएपछि क्षतिको निश्चित प्रतिशत भुक्तानी दिनुपर्ने, बीमा गराउँदा बीमालेखका सबै प्रावधानका बारेमा स्पष्ट जानकारी गराउनुपर्ने, बीमाप्रतिको विश्वास बढ्ने गरी काम गर्नुपर्ने, बीमालेखका प्रावधान सरलरूपमा नेपाली भाषामा हुनुपर्ने र बीमालेख नवीकरण, दाबी भुक्तानीका चरण तथा दाबी भुक्तानीका बारेमा अनलाइनका माध्यमबाट बीमितलाई जानकारी दिने व्यवस्था हुनुपर्नेलगायतका विचार व्यक्त गर्दै डीएलपी र एक्सेससम्बन्धी विषय समेत उठाए । यसैगरी, निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले सबैले बीमालाई बाध्यताका रूपमा नभई आवश्यकताका रूपमा बुझ्नुपर्ने, बीमालेखका प्रावधानहरु पढेर मात्र बीमा गर्नुपर्ने, अन्तर्राष्ट्रिय अभ्यास र आवश्यकताका आधारमा बीमालेखका प्रावधानहरु थपिँदै गएको र बीमादरमा खासै समस्या नहेको लगायतका धारणा राखेका थिए ।

कार्यक्रममा नेपाल बीमक संघका पदाधिकारीहरु तथा निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरु तथा नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीहरु र निर्माण व्यवसायीहरूको सहभागिता थियो ।

# एनआईसी एसिया बैंकका ग्राहकलाई लेट मेइनमा छुट




■ आर्थिक संवाददाता
काठमाडौं, साउन १५

एनआईसी एसिया बैंकका ग्राहकहरूलाई काठमाडौं नयाँ बानेश्वर, महाराजगञ्ज र पोखरास्थित चिप्लेढुंगामा सञ्चालित कोरियन स्किन हस्पिटल लेट मेइनमा विभिन्न सेवाहरूमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको छ । यो सम्झौतापछि यस बैंकका ग्राहकहरूले लेट मेइनमा सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकहरूले यस कम्पनीले उपलब्ध गराएका विभिन्न सेवाहरूमा १० प्रतिशत र कोरियन उत्पादनहरूमा ८ प्रतिशतको छुट सुविधा उपभोग गर्न सक्नेछन् । यो सुविधाको उपभोग गर्न ग्राहकहरूले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्नुपर्ने छ । लेट मेइनसँगको यस सहकार्यले ग्राहकहरूलाई विशेष छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# Invitation for Bids

(Notice No: 02-RDNKT/082/83)

**(Date of Publication: 2082-04-16, (1st Aug, 2025))**

1. **Road Division Nuwakot** invites Open Competitive Bidding (E-Bids only) from eligible bidders for the Road Construction Works under National Competitive Bidding as follows.

| IFB No. | Contract no. | Description and location of works | Estimated amount (Inc. VAT NRs.) | Qualification Criteria | Bid Security Amount, NRs. | Price of Bid document, NRs. |
|---|---|---|---|---|---|---|
| 02-RDNKT /082/83(1) | RDNKT/337 01169/082/83-03 | Road Improvement work on Beltar-Thati Sadak and Galchi -Lamidada-Bhimdunga-Sitapaila Sadak (Beltar-Thati Sadak Section), Dhading | 1,44,72,321.89 | NA | 3,52,000.00 | 3000 |
| 02-RDNKT /082/83(2) | RDNKT/337 01169/082/83-04 | Road improvement works on Parewataar-Khanigaun-Bhanjyang Sadak, Siddhalekh-06, Dhading | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(3) | RDNKT/337 01169/082/83-05 | Road improvement works on Aathkilla Dekhi Churipati Sadak, Dhading | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(4) | RDNKT/337 01169/082/83-06 | Road Improvement Works on Parewataar-Gajuritaar-Pipaltaar-Aadamtaar- Kaleritaar-Galchhi Road, Dhading | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(5) | RDNKT/337 01169/082/83-07 | Road Improvement Works on Dhading hugdikhola Khorbhanjyang Jaypuri bhanjyang kotbhanjyang hudai hattibang chitwan jodne paryatan Marga, Dhading. | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(6) | RDNKT/337 01169/082/83-08 | Road improvement works on Ratmate Bharyang bhurung Tharpu Syamjong Pokhara Tanjamane Road, Dhading | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(7) | RDNKT/337 01169/082/83-09 | Road Improvement Works on Shivpuri ga.pa.8 and 7 nuwakot thana bhanjyang - sunkhani - Khelkud Rangsala, Likhu Sadak, Nuwakot. | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(8) | RDNKT/337 01169/082/83-10 | Road Improvement Works of Thati bhanjyang - Laptan danda -3 no. ward karylaya - Udayajalpa - Aarukharka - Balkumari hudai Betini Sadak, Nuwakot | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(9) | RDNKT/337 01169/082/83-11 | Road Upgrading works on Jiling Ga.Bi.Sa Bhawan Khatiwada Gau hudai Duipipal Dabali Sadak (Ga. Bi.Sa Bhawan-Khatiwada Gaun Section), Nuwakot | NA | As Stated in Bid Document | 7,04,000.00 | 5000 |
| 02-RDNKT /082/83(10) | RDNKT/337 01169/082/83-12 | Road Improvement Works on Bidur Na.pa. ward no.- 10 gerkhotar hudai bidur na.pa.11, gerkho dandagaun upallo gerkho suryagadhi ga.pa.chogate sadak, Nuwakot. | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(11) | RDNKT/337 01169/082/83-13 | Road Improvement Works on Bahundanda-Sya-Gre-Sano Haku Sadak, Aamachhodingmo Rural Muncipality, Rasuwa | NA | As Stated in Bid Document | 7,04,000.00 | 5000 |
| 02-RDNKT /082/83(12) | RDNKT/337 01169/082/83-14 | Road Improvement Works on Bahun besi Narjamandap - Maurithung bhanjyang Hudai chhap chautaro Sadak, Tadi-5, Nuwakot. | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(13) | RDNKT/337 01169/082/83-15 | Road Upgrading works on Tinpiple Kumari Kolputar Baikalpik Sahayak Rajmarga (Chauthe khola Kumari Badare Kolpu Khanda Sadak), Nuwakot. | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |
| 02-RDNKT /082/83(14) | RDNKT/337 01169/082/83-16 | Road Improvement Works on Labdhu - Kalimati - Halde Motarbato Staronati, Suryagadhi-4, Nuwakot. | NA | As Stated in Bid Document | 7,05,000.00 | 5000 |

2. Pre-Bid Meeting, Bid Submission and Bid Opening Dates are as given below.

| IFB No. | Pre-Bid Meeting Date | Last Date of Bid Submission | Bid Opening Date and Address | Details of Bank for deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|
| 02-RDNKT/082/83(1) to 02-RDNKT/082/83(14) | 2082/05/05 13:00 hrs Aug 21, 2025 | 2082/05/16 12:00 hrs Sept 1, 2025 | 2082/05/16 13:.00 hrs Sept 1, 2025 | Name of the Bank: Nepal Bank Limited Trishuli Revenue A/c Name: Road Division, Nuwakot (Office Code No.: **337012902**) Account No.: **00101000000001001001** Rajaswa (revenue) Shirshak no.:**14229** | Name of the bank: Nepal Bank Limited, Trishuli A/C: Deposit Account District Treasury Office, Nuwakot (Office Code No.: **337012902**) Account No.: **026-01-000002003000001** |

3. Bidders may obtain further information at the office Name: Road Division Nuwakot, Location: Bidur, Nuwakot; mailing address: rd_nuwakot@dor.gov.np ; Telephone: 010-560253 facsimile: 010-560254 or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.
4. Any amendment in the tender notice will be published in the notice board of Road Division, Nuwakot and e-procurement section of PPMO's website: www.bolpatra.gov.np/egp.
5. Interested bidders should submit online bids through e-procurement portal www.bolpatra.gov.np/egp. only on or before stipulated time mentioned in above table. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO, which are available in e-GP system.
6. The Bid Validity Period/Bid Security Validity Period of each contract shall be 90 Days/ 120 Days from the date of bid opening.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. The matters not covered in this tender notice shall be in accordance with the latest amendments of Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**Division Chief**